


राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १४१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ जेठ २१ गते शुक्रबार ❑ 4 June 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## थापाको प्रदेशसभा सदस्य पद रिक्त, जनमतविरुद्ध नजाने थापाको भनाइ

**पोखरापत्र संवाददाता**
**पोखरा, २० जेठ**

गण्डकी प्रदेशसभामा राष्ट्रिय जनमोर्चाका तर्फबाट प्रदेश सभा सदस्य रहेका कृष्ण थापाको पद रिक्त भएको छ । प्रदेशसभाको बिहीबारको बैठकमा सभामुख नेत्रनाथ अधिकारीले उनको पद नरहेको सूचना गराए।

जनमोर्चा केन्द्रीय कार्यालय तथा राष्ट्रिय जनमोर्चा संसदीय दल गण्डकी प्रदेशको बिहीबारको पत्र अनुसार पार्टीका तर्फबाट बाग्लुङ जिल्ला निर्वाचन क्षेत्र नं १(ख) बाट प्रत्यक्ष निर्वाचित प्रदेशसभा सदस्य थापालाई नेपालको संविधान, २०७२, राजनीतिक दल सम्बन्धी ऐन २०७३ तथा गण्डकी प्रदेश प्रदेशसभा नियमावली,२०७४ बमोजिम प्रदेशसभा सदस्य पदबाट हटाइएको जानकारी गराइएको हो।



गण्डकीमा सरकार गठनमा निर्णायक जनमोर्चाले नेपाली काँग्रेससहितका विपक्षी गठबन्धनको सरकार गठनमा पहल गर्ने निर्णय गरेकाका थापाले दलको निर्णय अनुसार हस्ताक्षर गर्न नमानेपछि पार्टी निर्णयविपरित कार्य गरेको भन्दै उनलाई दलका तर्फबाट कारबाही गरिएको हो । यसैबीच सदस्य थापाले पार्टीले सांसद पदबाट हटाएपछि आफू जनताको अभिमत विपरित जान नसकेको प्रतिक्रिया दिएका छन् । प्रतिक्रिया दिँदै थापाले मतदाताको इच्छा विपरित जान नसककेको बताए । 'काँग्रेसको सरकार नबन्दा जनमोर्चाको सांसद पद खारेज हुनु इतिहासको मजाक हो, यसबारे इतिहासले मूल्याङ्कन गर्नेछ', थापाले बताए। 'जनताको अभिमत विपरित जान सकिन, मतदाताको अभिमतप्रति म सम्मान व्यक्त गर्दछु ।' थापा वाम गठबन्धनबाट विजयी भएका थिए।

सरकारविरुद्ध ल्याएको अविश्वासको प्रस्तावमाथि दलले समर्थन गरिरहँदा थापाले पार्टीको निर्देशन उल्लङ्घन गर्दै सत्तारुढ नेकपा (एमाले)लाई सहयोग गर्दै आएको भन्दै पार्टीले कारबाही गरको हो।

## कास्कीमा निषेधाज्ञा जेठ ३१ गतेसम्म

**पोखरापत्र संवाददाता**
**पोखरा, २० जेठ**

नयाँ भेरियन्ट सहितको कोरोना भाइरस संक्रमणको फैलावट रोक्न जिल्ला प्रशासन कार्यालयले जारी गरेको निषेधाज्ञा यही जेठ ३१ गतेसम्म थप गरिएको छ।

प्रशासनले बिहीबार सूचना जारी गरी जिल्लाभर लागू गरिएको निषेधाज्ञाको आदेश जेठ ३१ गते राति १२ बजेसम्म थप गरिएको जनाएको छ । कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रणका कार्यहरु प्रभावकारी रुपमा सञ्चालन गर्न यसअघिको आदेश तथा पछिल्ला दिनमा देखिएकोसंक्रमणदर,प्रवृत्तिरमृत्युदर विश्लेषणका आधारमा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र(डिसिसिएमसी)को बैठकले निषेधाज्ञाको अवधि थप गरेको प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमले जानकारी दिए। प्रशासनले निषेधाज्ञा अवधिमा अत्यावश्यक काममा बाहेक घर बाहिर ननिस्कन सर्वसाधारणमा आदेश जारी गरेको छ।

निषेधाज्ञाका अवधिमा अत्यावश्यक सेवामा प्रयोग हुने बाहेकका जिल्लाभित्र सञ्चालन हुने यात्रुबाहक सार्वजनिक तथा निजी सवारी साधन सञ्चालन गर्न रोक लगाइएको छ। यसबाहेक अन्य सभा,सम्मेलन,भेला गोष्टी, शैक्षिक संस्था, धार्मिकस्थलहरु,सिनेमा हल, पार्टी प्यालेस, रेष्टेरेन्ट लगायत समेत सञ्चालनमा बन्देज गरिएको छ । बैंक तथा वित्तिय संस्थाले अत्यावश्यक सेवाको लागि एक चौथाई कर्मचारीको उपस्थितिमा एक चौथाई शाखाबाट निक्षेप रु ५० हजारभन्दा बढीमात्र जम्मा गर्ने र चेक भुक्तानीको कार्य दिउँसो ११ बजेदेखि २ बजेसम्ममात्र गर्न आग्रह गरिएको छ।

## गण्डकीमा थप १०६ जनामा कोरोना संक्रमण, १६ को मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, २० जेठ**

पछिल्लो २४ घण्टामा कास्की जिल्लामा थप ३०३ जनामा कोरोना संक्रमण पुष्टि भएको छ।

कास्कीमा १६३ जना पुरुष तथा १४० जना महिला गरी ३०३ जनामा कोरोना भाइरस देखिएको प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ। पछिल्लो २४ घण्टामा प्रदेशमा २ हजार ३११ जनाको नमुना परीक्षण गरिएकोमा थप ९०६ जनामा कोरोना पोजेटिभ देखिएको विज्ञप्ति मार्फत निर्देशनालयले उल्लेख गरेको छ।

कास्कीका ३०३ सहित म्याग्दीका ४७ जना, स्याङ्जाका ९३ जना, बाग्लुङका ७३ जना, पर्वतका ३९ जना, तनहुँका ७० जना, गोरखाका ९८ जना, लमजुङका ८२ जना, मनाङका १५ जना, मुस्ताङका १ जना र नवलपुरका ८५ जना गरी प्रदेशका ११ जिल्लामा ४७५ पुरुष तथा ४३१ जना महिलामा कोरोना पुष्टि भएको हो।

योसँगै गण्डकी प्रदेशमा कोरोना संक्रमितको कुल संख्या ४४ हजार ७४१ पुगेको छ। पछिल्लो २४ घण्टामा १०५३ जना निको भएसँगै प्रदेशमा संक्रमणमुक्त हुनेको संख्या ३४ हजार ३०४ पुगेको छ । गण्डकीमा थप १६ जनाको कोरोना संक्रमणका कारण मृत्यु भएको छ। हालसम्म कोरोना संक्रमणका कारण प्रदेशभर ज्यान गुमाउनेको संख्या ७२३ पुगेको छ।

पोखराका अस्पतालहरुमा उपचाररत १३ जनासहित गण्डकी प्रदेशका थप १६ जना कोरोना संक्रमितहरुको मृत्यु भएको छ । निर्देशनालयका अनुसार प्रदेशमा कोरोना संक्रमणबाट निधन हुनेको संख्या ७२३ पुगेको छ।

मृतकहरु कास्की जिल्लाका ६ जना, बाग्लुङ जिल्लाका ३ जना, स्याङ्जा जिल्लाका २ जना, गोरखा जिल्लाका १ जना, नवलपुर जिल्लाका २ जना, मनाङ जिल्लाका १ जना र दाङ जिल्लाका १ जना रहेको प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ।

## उच्च शिक्षालाई ज्ञान, सीप, प्रविधि र अनुसन्धानमा आधारित बनाइने

**पोखरापत्र संवाददाता**
**पोखरा, २० जेठ**

गण्डकी प्रदेश सरकारले उच्च शिक्षालाई ज्ञान, सीप, प्रविधि र अनुसन्धानमा आधारित बनाउने तयारी गरेको छ।

आर्थिक वर्ष २०७८/७९ को बजेटका सिद्धान्त र प्राथमिकता गण्डकी प्रदेशसभाको बैठकमा प्रस्तुत गर्दै अर्थमन्त्री किरण गुरुङले दक्ष जनशक्ति उत्पादनका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा जोड दिँदै उच्च शिक्षालाई ज्ञान, सीप, प्रविधि र अनुसन्धानमा आधारित बनाउन आवश्यक व्यवस्था गरिने जानकारी दिए । गण्डकी विश्वविद्यालय र गण्डकी प्राविधिक प्रतिष्ठानको भौतिक तथा शैक्षिक पूर्वाधार निर्माण गरी क्रमशः अध्ययन अध्यापन शुरुआत् गर्न पहल गरिने उनले बताए । प्रदेशको विभिन्न जातीय, धार्मिक, सामाजिक, भाषिक तथा साँस्कृतिक विविधतालाई संरक्षण एवम् सम्वर्द्धन गर्दै प्रदेशभित्रका संग्रहालय, धार्मिक तथा पुरातात्विक महत्वका संरचनाको विकास, विस्तार र संरक्षण गरिने उनले बताए।

भाषा, साहित्य, कला र संस्कृतिलाई संरक्षण र विकास गर्न गठित प्रज्ञा प्रतिष्ठानलाई प्रभावकारी रूपमा अगाडि बढाइने सिद्धान्त र प्राथमिकतमा उल्लेख छ। खेलकूद पूर्वाधार निर्माण र खेलाडीलाई प्रोत्साहित गर्दै खेलकूद क्षेत्रको समग्र विकासलाई प्राथमिकता दिइने उल्लेख गर्दै मन्त्री गुरुङले अन्तर्राष्ट्रिय स्तरका तत्तसम्बन्धी पूर्वाधार निर्माणमा जोड दिइने बताए । युवाको सीप र नेतृत्व क्षमतालाई प्रस्फुटित गर्दै विकासमा युवाको सहभागिता अभिवृद्धि गर्न उनीहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउन आवश्यक कार्यक्रम ल्याउने प्रदेश सरकारले जनाएको छ। खेलकूदको विकासका लागि गण्डकी प्रदेश खेलकुद परिषद र जिल्ला खेलकुद विकास समितिलाई प्रभावकारी रूपमा सञ्चालन गरिने मन्त्री गुरुङले जानकारी दिए।

## नेपालमा अहिले नयाँ भेरियन्ट भेटिएको छैन : मन्त्रालय

**रासस**
**काठमाडौं, २० जेठ**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले नेपालमा कोभिड-१९ को कुनै नयाँ भेरियन्ट नभेटिएको स्पष्ट पारेको छ।

मन्त्रालयका प्रवक्ता डा. कृष्णप्रसाद पौडेलले आज विज्ञप्ति जारी गर्दै विभिन्न अन्तरराष्ट्रिय सञ्चारमाध्यममा आएको नेपालमा नयाँ भेरियन्ट पत्ता लागेको निराधार समाचारप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै नेपालमा कुनै नयाँ भेरियन्ट फेला नपरेको पुष्टि गर्नुभयो। अहिले नेपालमा कोभिड-१९ को भेरियन्ट अफ कर्न्सनभित्र परेका 'अल्फा (B.1.1.7),' र 'डेल्टा (B.1.617.2 )' मात्र भेरियन्ट गरेको र पछिल्लो समय देखिएको कोभिड-१९ को नयाँ भेरियन्ट डेल्टा (B.1.617.2 ) मात्र सक्रिय रहेको उहाँले जानकारी दिनु भएको छ । विश्व स्वास्थ्य सङ्गठनले भेरियन्ट अफ कर्न्सनभित्र परेका र विभिन्न देशमा फैलिएको कोभिड-१९ को नयाँ भेरियन्ट 'अल्फा', 'गामा', 'काप्पा' छुट्टाछुट्टै नाम दिइएको छ । "जनस्वास्थ्यका विषयमा स्वास्थ्य मन्त्रालयबाट आधिकारिक सूचना जानकारी नदिई त्यस किसिमको भ्रमक समाचार सम्प्रेषण नगरी जिम्मेवार बनिदिन र त्यस किसिमका गतिविधि गर्ने गराउने सञ्चारकर्मी र सञ्चारमाध्यमलाई मन्त्रालय जिम्मेवार बन्न सचेत गराउँछ," मन्त्रालयका प्रवक्ता डा. पौडेलले जारी गर्नु भएको विज्ञप्तिमा भनिएको छ।

मन्त्रालयले सङ्क्रमण रोक्न सबै सचेत र जिम्मेवार बनी जनस्वास्थ्यका मापदण्डको पालना गर्न गराउन भूमिका बढाउन सवैलाई अपिल गरेको छ। यसैबीच विश्व स्वास्थ्य सङ्गठन नेपालले पनि नेपालमा नयाँ भेरियन्ट कुरा जानकारी नभएको स्पष्ट पारेको छ । सङ्गठनले नेपालमा रहेका भेरियन्टहरू अल्फा (B.1.1.7), डेल्टा (B.1.617.2 ) र काप्पा (B.1.617.1) हुन् र यीमध्ये अहिले डेल्टा सक्रिय रहेको भेरियन्ट रहेको जनाएको छ।

## विश्वकप फुटबल छनोट : नेपाल चाइनीज ताइपेईसित खेल्ने

**रासस**
**काठमाडौं, २० जेठ**

सन् २०२२ मा कतारमा हुने विश्वकप तथा २०२३ मा चीनमा हुने एसिया कपको संयुक्त छनोटअन्तर्गत दोस्रो चरणको छनोट खेलमा बिहीबार नेपालले चाइनिज ताइपेईसित खेल्दै छ। कुवेतको कुवेत सिटी खेल मैदानमा सो खेल राति ९:४५ बजे शुरु हुनेछ । नेपालले अहिलेसम्म ताइपेईसित दुई खेल खेलेको छ । एउटामा नेपाल विजयी भएको थियो भने अर्कोमा दुवै टोलीले बराबरी खेलेका थिए । नेपाल र ताइपेईका खेलाडीले कुवेतको गर्मीलाई मुख्य चुनौतीका रूपमा लिनुभएको छ । फिफा बरियतामा ताइपेई १४१ औं स्थानमा छ भने नेपाल १७१ औं स्थानमा छ।

विश्वकप छनोटको तेस्रो चरणमा पुग्ने नेपालको सम्भावना सकिए पनि एसियन कपको तेस्रो चरण पुग्नका लागि भने ताइपेईसितको खेल महत्वपूर्ण रहेको छ । बिहीबारको खेल जितेमा नेपाल आफ्नो समूहको चौथो स्थानमा रहेर एसियन कपको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## संक्रमित महिलाको गाउँकै आइसोलेशनमा सुरक्षित प्रसूति

**पोखरापत्र संवाददाता**
**पोखरा, २० जेठ**

माछापुच्छ्रे गाउँपालिका-२ स्थित सार्दीखोला स्वास्थ्यचौकीमा एक सङ्क्रमित गर्भवतीको सुरक्षित प्रसूति गराइएको छ। स्थानीय २८ वर्षीया महिलाको सो स्वास्थ्यचौकीका स्वास्थ्यकर्मीले बुधबार राति ८:५६ बजे आइसोलेशनकक्षमा सामान्य विधिबाट प्रसूति गराउनुभएको हो।

साँझ ८:०० बजे सुत्केरी व्यथा लागेर स्वास्थ्यचौकी आउनुभएकी ती महिला र उहाँका श्रीमान्को एन्टिजेन विधिबाट कोरोना परीक्षण गर्दा रिपोर्ट पोजेटिभ आएको थियो। हाल सुत्केरी महिला र बच्चा (छोरी)को स्वास्थ्य अवस्था सामान्य रहेको छ । कोरोना सङ्क्रमण पुष्टि भएपछि स्वास्थ्यचौकीका अनमी हिमकुमारी गुरुङ र विद्या सापकोटा तथा स्वास्थ्यचौकीका कर्मचारी लक्ष्मी बयलकोटी र सञ्जु परियारले सामान्य विधिबाट सुत्केरी गराउनुभएको स्वास्थ्यचौकीका इन्चार्ज अनिता घिमिरेले जानकारी दिनुभयो।

यसअघि शहरका अस्पतालमा सङ्क्रमित महिलाको प्रसूति गराइए पनि गाउँकै स्वास्थ्यचौकीमा आइसोलेशन सेन्टरमा गर्भवतीले बच्चा जन्माएको पहिलोपटक भएको बताइन्छ। स्वास्थ्यचौकीका इन्चार्ज घिमिरेले भन्नुभयो, "सुत्केरी व्यथा लागेपछि गाडी पठाउन आग्रह गरेपछि हामीले उहाँलाई स्वास्थ्यचौकीमा ल्याएका थियौँ, महिला र उहाँका श्रीमान्को परीक्षण गर्दा कोरोना पोजेटिभ आयो, गाउँमै पहिलोपटक कोभिड पोजेटिभ बिरामीको सुत्केरी गराउन पाउँदा खुशी भएका छौँ।"

सार्दीखोला स्वास्थ्यचौकीमा सामान्य अवस्थाका महिलाको सुत्केरी गराउने गरे पनि जटिल अवस्थाकालाई पोखरा सिफारिश गर्ने गरिएको छ । पछिल्लो समय कोरोना सङ्क्रमण बढेपछि स्वास्थ्यचौकीमा १० शय्याको आइसोलेशन सेन्टर निर्माण गरिएको छ।

## छ हजार ८२५ संक्रमित, झण्डै ६ हजार निको

**पोखरापत्र संवाददाता**
**पोखरा, २० जेठ**

पछिल्लो २४ घण्टामा छ हजार ८२५ जनामा कोरोना सङ्क्रमण भएको छ। देशभर कूल २१ हजार ७७३ नमुना परीक्षण गरिएको थियो। त्यसमध्ये पिसिरआर विधिबाट १८ हजार ५६२ र एन्टिजेन विधिबाट तीन हजार २११ परीक्षण भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । यस्तै पाँच हजार ९०४ जना निको भएका छन् । नेपाली सेनाद्वार विभिन्न

बाँकी अन्तिम पृष्ठमा ▶▶



# नेपालमा पनि कालो ढुसीका बिरामी

**रासस**
**काठमाडौं, २० जेठ**

नेपालमा पनि कालो ढुसी (ब्ल्याक फङ्गस)का बिरामी भेटिएका छन् । नेपालमा अहिलेसम्म १० जनामा कालो ढुसीका बिरामी पुष्टि भएको जनाइएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा कृष्णप्रसाद पौडेलले पुष्टि भएकामध्ये आठ जना मन्त्रालयको सम्पर्कमा र अन्य दुई सम्पर्कमा नआएको बताउनुभयो । उहाँका अनुसार कालो ढुसीका बिरामी नेपालगञ्ज, वीरगञ्ज र काठमाडौंका रहेका छन् । यसअघि कालो ढुसीका बिरामी भारतमा फेला परेका थिए। कालो ढुसीले कोभिड-१९ भएका बिरामीको आँखा, नाक र अनुहार बिगार्ने गर्दछ। यो सङ्क्रमण बिरलै देखिने तर सङ्क्रमण गम्भीर भए प्राणघातक हुनसक्ने उहाँले बताउनुभयो। अनुहार, मुख, नाक, आँखा वरिपरि दुख्ने, आँखा र नाक सुन्निने रातो हुने वा दुख्ने, आँखाका ढकनी सुनिने र ढकनी झुक्ने, ज्वरो आउने, आँखाले धमिलो देख्ने, नाकबाट रगत र बाक्लो सिङ्गान आउने, दाँत दुख्ने वा हल्लिनेजस्ता लक्षण देखापर्ने गर्दछन्। कोभिड-१९ जस्तै यो रोग नसर्ने भए पनि ४५ देखि ६५ उमेर समूहका मधुमेह वा शरीरको रोग प्रतिरोधात्मक क्षमता कमजोर भएका र धेरै खाले एन्टिवायोटिक वा स्टेरोइड औषधिको लामो समयसम्म प्रयोग गर्नेलाई कालो ढुसी लाग्ने गर्दछ।

बच्ने उपाय

कालो ढुसीबाट बच्नका लागि सफा र सुक्खा मास्क प्रयोग गर्ने, मास्क धोएर प्रयोग नगर्ने, नियमितरूपमा हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने, घर बाहिर वा फोहरमा काम गर्नुपरे डिस्पोजेवल पञ्जाको प्रयोग गर्ने, धेरै धुलो भएको र ओसिलो ठाउँमा नजाने, नुनिलो पानीले नाक सफा गर्नुपर्दछ । यस्तै पोभिडोन आयोडिन भएको तरल पदार्थले घाँटी र मुख कुल्ला गर्ने, जथाभावी एन्टिवायोटिक औषधि सेवन नगर्ने, मधुमेह भएका बिरामीले मधुमेह नियन्त्रण गर्ने र स्वास्थ्यकर्मीको सल्लाहमा मात्र औषधि सेवन गर्नुपर्दछ।

# 'पाँच अर्बमाथिका आयोजना कार्यान्वयन गर्न छुट्टै संयन्त्र'

**रासस**
**काठमाडौं, २० जेठ**

सरकारले आगामी आर्थिक वर्षका लागि प्रस्तुत गरेको बजेट वस्तुगत रूपमा राम्रो आएको भन्दै प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा पूर्वका उद्योगी तथा व्यवसायीले आग्रह गरेका छन्।

नेपाल आर्थिक पत्रकार समाज (सेजन) र सङ्गठन मोरङले बिहीबार संयुक्त रूपमा आयोजना गरेको श्रव्यदृश्य कार्यक्रममा प्रदेश नं १ का उद्योगीले बजेटको कार्यान्वयनका लागि प्रभावकारी संयन्त्रको जरुरी रहेकामा जोड दिए। मोरङ उद्योग सङ्गठनका अध्यक्ष सुयस प्याकुरलेले बजेट राम्रो आएको भन्दै कार्यान्वयनमा ध्यान दिन सरकारको ध्यानकाकर्षण गराउनुभयो। उहाँले सरकारले २०७५ मङ्सिर २४ गतेको मन्त्रीपरिषद्को निर्णयबाट कपडाको उद्योगहरूको ऋण ब्याज, भ्याटमा छुट तथा सहुलियतपूर्ण कर्जा दिने भनेर घोषणा गरे पनि अझै कार्यान्वयन हुन नसकेको गुनासो गर्नुभयो। त्यस्तै उद्योग सङ्गठनका निवर्तमान अध्यक्ष भिम घिमिरेले सरकारले आगामी आर्थिक बर्षको बजेटमा डिजेलको भ्याट फिर्ता गर्ने विषय स्वागतयोग्य भएपनि कार्यन्वयनमा राजनीतिक तथा अन्य कारणले जटिलता हुने होकि भन्ने आशंका देखिएको बताउनुभयो । सङ्गठनका सदस्य पारस लुनियाले कागज उत्पादनको लागि चाहिने कच्चा पदार्थ महङ्गो भएको तथा नेपालमा नै उत्पादन गर्न सकिने कतिपय उपकरणहरूको पार्टपूर्जा, कच्चा पदार्थ आयात गर्दा कर बढी परेको गुनासो गर्नुभयो । उद्योगी भोलेश्वर दुलालले बैंक तथा वित्तिय संस्थाले अहिले पनि व्याजदर बढाएर कर्जा तिर्नको लागि दबाब दिइरहेको, व्याजदर छुट नदिएको जस्ता समस्या व्यापारीले भोगिरहेको बताउनुभयो । उद्योगी राजकुमार गोल्छाले सरकारले जुटबालीको विकासको लागि बजेट नछुट्याएमा गुनासो गर्नुभयो। उद्योगीहरू सुरेन्द्र गोल्छा, राजकुमार गोल्छा, प्रदिप सारडालगायतले बजेटले नीजि क्षेत्रका अधिकांश मागहरू समेटेको र कार्यान्वयका लागि अर्थमन्त्रालय लाग्नुपर्ने बताउनुभयो।

# नेविसंघद्वारा खेलकुद र स्वास्थ्य सामाग्री वितरण

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, २० जेठ**



नेपाल विद्यार्थी संघ स्याङ्जा काठमाण्डौं सम्पर्क समितिले विद्यार्थीलाई खेलकुद सामाग्री वितरण गरेको छ।

कोभिड १९ बाट घरमै सुरक्षित रहेका सान साना वालवालिकालाई खेलकुद मार्फत उच्च मनोबल बढाउने उदेश्यले नेविसंघले खेलकुदका सामाग्री सहित स्वास्थ्य सामाग्री वितरण गरेको हो। स्याङ्जाको वालिङ-११ पेखुमा रहेको गणेशमा स्मृति प्राथमिक विद्यालयका विद्यार्थीहरुका लागि खेलकुदका लागि क्यारमबोर्ड, कापी-कलमहरू, मास्क, सेनिटाईजर र अक्सिमिटर वितरण गरेको थियो। विद्यालयमा अध्ययनरत शिशु कक्षा देखी कक्षा ३ सम्मका विद्याथीले खेलकुदमा सहभागी हुन मिल्ने गरी साईज अनुसारको ४ थान क्यारमवोर्ड, अध्ययनका लागि कापी कलम र स्वास्थ्य सामाग्री वितरण गरेको स्याङ्जा काठमाण्डौ सम्पर्क समितिका सभापति ईन्जिनियर दिपेन्द्र क्षेत्रीले बताए । यसभन्दा अगाडी विभिन्न संघसंस्थालाई स्वास्थ्य सामाग्री वितरण गरेको समितिले वालवालिकालाई स्वास्थ्यका लागि खेलकुद भन्ने सन्देश प्रवाह गर्न विद्यार्थीलाई खेलकुदका सामाग्री वितरण गर्ने अभियान चलाएको सभापति क्षेत्रीले बताए । उनले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तारकबहादुर थापा(कृष्ण) लाई एक कार्यक्रमको आयोजना गरी हस्तान्तरण गरेको विद्यालयका प्राधानाध्यापक बविता थापाले जानकारी दिइन्।

समितिले पेखुकै नगर स्वास्थ्य केन्द्र लाई १ थान अक्सिमिटर, मास्क, सेनिटाईजर र वालिङ्-११ धनपुर, टापु स्थित स्वेक स्वास्थ्य चौकी लाई २ थान अक्सिमिटर, मास्क र सेनिटाईजर वितरण गरेको छ। कोरोना संक्रमणका बेला स्वास्थ्यकर्मीहरु अग्रपंतीमा रहेर काम गर्दै आएको भन्दै ग्रामिण क्षेत्रमा रहेका स्वास्थ्य संस्थालाई सामाग्री प्रदान गरेको जनाएको छ । यस्तै समितिले १२ घर परिवारमा कोरोना संक्रमणबारे सचेतना सहित साबुन र मास्क वितरण गरेको जनाएको छ। सरकार जनता भन्दा पनि सत्ता जोगाउन व्यस्त रहेको आरोप लगाउदै समितिका सभापति क्षेत्रीले नागरिक स्तरबाटै रोग निर्मुल पार्न स्वास्थ्य मापदण्ड अपनाउनु पर्ने बताए । गणेशमान स्कुललाई हस्तान्तरण गरेको ४ थान क्यारमबोर्ड, कापी र कलम काठमाण्डौं-१४ नं वडा कलंकी निवासी नेपाली कांग्रेसका युवा नेता महेश रायमाझीबाट सहयोग गरिएको जानकारी दिए।

उक्त वितरण कार्यक्रममा वालिङ्-११ नेपाली कांग्रेस पार्टि सचिव सुरेश अर्याल, वालिङ्-११ तरूण दल सभापति नरेन्द्र पराजुली, त्रिनेन्त्र क्लब, सुर्कौदींका अध्यक्ष विशाल पंगेनी, युवा समाजसेवी लक्ष्मण विश्वकर्मा(जिदान), तरूण नेता विश्वास पंगेनी लगायतको सहभागितामा सामाग्री वितरण गरिएको थियो । सम्पर्क समितिले गणतन्त्र दिवसको अवसर पारेर शुरुवात गरेको सहयोगी कार्यक्रमलाई निरन्तरता दिदै जाने बताएको छ।

# विश्वकप ...

तेस्रो चरणमा प्रवेश गर्नेछ। विश्वकप छनोटमा नेपालले अहिलेसम्म एक खेलमा मात्र जित हासिल गरेको छ भने चार खेलमा पराजित भएको छ।

समूह 'बी'मा रहेको नेपाल तीन अंक जोड्दै चौथो स्थानमा छ । सोही समूहमा रहेको चाइनीज ताइपेइ अहिलेसम्म अंक बिहीन छ। समूहको शीर्ष स्थानमा १२ अंक का साथ अस्ट्रेलिया छ भने दोस्रो स्थानमा १० अंकसहित कुवेत तथा १० अंकका साथ जोर्डन तेस्रो स्थानमा छ । इराकसित मैत्रीपूर्ण खेल खेलेर नेपाली टोली त्यहाँबाट कुवेत प्रस्थान गरेको हो। नेपालले दोस्रो खेल जेठ २४ गते जोर्डनसित तथा तेस्रो खेल जेठ २८ गते अष्ट्रेलियासँग खेल्ने कार्यक्रम रहेको अखिल नेपाल फुटबल संघ(एन्फा)ले जनाएको छ । नेपाली टोलीको प्रशिक्षकमा अब्दुल्लाह अल्मुताइरी रहनुभएको छ । नेपाली टोलीको गोलरक्षकमा किरण चेम्जोङ, विशाल सुनार र दीप कार्की, डिफेन्डरमा रोहित चन्द, अनन्त तामाङ, दिनेश राजवंशी, गौतम श्रेष्ठ, सुमन अर्याल र विकास खवास, मिडफिल्डरमा विशाल राई, मनिष डाँगी, एरिक विष्ट, कमल थापा, सन्तोष तामाङ, सुमन लामा, सुनिल बल, सुरज जिउ ठकुरी, पुजन उपरकोटी र आयुष घलान तथा फरवार्डमा अभिषेक रिजाल, अन्जन विष्ट, नवयुग श्रेष्ठ र आशिष लामा रहनुभएको छ। यसअघि नेपाल गत साता मैत्रीपूर्ण खेलमा इराकसित ६-२ गोलअन्तरले पराजित भएको थियो।

# ६ हजार ...

मितिमा शव व्यवस्थापन गरेको समेत गरी कूल ७५ जनाको दुःखद् निधन भएको मन्त्रालयले जनाएको छ । योसहित कूल मृत्यु हुनेको सङ्ख्यामा सात हजार ६३० जना पुगेको छ।

मन्त्रालयका अनुसार हालसम्म पाँच लाख ७६ हजार ९३६ जना कोरोना सङ्क्रमित हुँदा चार लाख ६७ हजार ४६७ जना निको भएका छन् । पिसिआर परीक्षणमध्ये सङ्क्रमण दर १८.६ प्रतिशत रहेको छ भने पोजेटिभमध्ये मृत्यु दर १.६ प्रतिशत रहेको मन्त्रालयको विवरणमा उल्लेख छ। काठमाडौं उपत्यकाका तीन जिल्लामध्ये काठमाडौंमा सक्रिय सङ्क्रमितको सङ्ख्या १४ हजार ३८२ रहेको छ। यस्तै निको भएकाको सङ्ख्या एक लाख ७५ हजार ८५२ रहँदा एक हजार ६५३ जनाले ज्यान गुमाएका छन्। भक्तपुरमा कूल सक्रिया सङ्क्रमित चार हजार १७४ छन् भने निको भएका १५ हजार ९३१ छन्। यस्तै कोरोनाका कारण सो जिल्लामा ३२९ जनाको ज्यान गएको छ। उता ललितपुरमा सक्रिय सङ्क्रमित छ हजार ४० छन्। कूल २७ हजार ७२४ जना निको हुँदा ४५५ जनाको निधन भएको छ।




स्वास्थ्य सामग्री हस्तान्तरणः पोखराका फोटो पत्रकारलाई स्वास्थ्य सामग्री हस्तान्तरण गर्दै। बोधिसत्व विहार बुढानिलकण्ठ काठमाडौं र सामाजिक अभियन्ता शान्त शर्मा, पोखरा संयोजक एवं पत्रकार दीननाथ बरालको नेतृत्वमा बिहीबार नेपाल फोटो पत्रकार संघ कास्कीलाई स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको छ। उक्त संस्थाले आजै पोखरामा रु ३० लाख बराबरको स्वास्थ्य सामग्री कास्कीका विभिन्न हस्पिटलहरुमा वितरण गरेको छ। तस्वीर : राधिका कँडेल, रासस




# कपालको उपचार

## कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

### के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

ऋण लिने दिने मान्छे नै सबैभन्दा दुःखी हुन्छ ।

– थोमस फुलर

## सम्पादकीय

# प्रचार गरेर एकता हुँदैन

नेकपा एमालेलाई दोस्रो तहका नेताहरूले पार्टीको एकता बचाउन मुल नेतृत्वलाई हतारमा निर्णय नलिन सुझाव दिएका छन । पार्टी नयाँ बनाउन कस्सिएका बरिस्ठ नेता माधवकुमार नेपाललाई एकताको लागि पार्टी भित्र संघर्ष गर्न दबाब दिएका छन । अध्यक्ष केपी शर्मा ओलीले पनि स्थायी समितिको बैठक स्थगित गरेर एकता जोगाउन केही लचकता देखाएका छन।दुई तिरका एकता नचाहने प्रबृत्ति विरुद्ध दोस्रो तहका नेता कति जुध्न सक्छन् त्यसैमा एमालेको एकता निर्भर रहन्छ।

जोगाउन खोजेका छन । एमाले विधिवत विभाजन नभएपनि एकताबद्ध गर्न खोज्नेहरु अपमानित हुने अवस्था छ। आफ्नै पार्टीको प्रधानमन्त्री हटाएर प्रतिपक्षी दलको नेतालाई प्रधानमन्त्री बनाउन नेतृत्व गरेका पुर्व प्रधानमन्त्री नेपाल र झलनाथ खनाल लगायत ११ जनालाई गरिएको कार्वाही फिर्ता लिन संस्थापन पक्ष लचिलो देखिएको छ। एमालेले आफ्ना १२ नेतालाई स्पष्टीकरण सोधेको एक साता नाघे पनि कुनै निर्णय गरेको छैन। ती नेताले स्पष्टीकरणको जवाफ दिएका छैनन् । तर, स्थायी कमिटीको मंगलबार बसेको बैठकले पनि यस विषयमा निर्णय नलिई मिलन विन्दु खोजेको छ।

एमाले नेतृत्व माधवकुमार नेपाल पक्षका नेतालाई कारबाही गरिहाल्नेभन्दा पनि अन्तिम समयसम्म एकताको प्रयास गर्ने पक्षमा देखिएको छ। मिलाउनकै लागि स्पष्टीकरण सोधिएका १२ नेताको कारबाही प्रक्रिया रोकिएको छ । नेतृत्वसंगको अनुमति लिएर संवादमा जुटेका नेता विरुद्ध गरिएको प्रचारको गोकर्ण विष्टले प्रतिवाद गरेका छन। माधवकुमार नेपाल पक्षको केन्द्रीय सदस्य भेलामा वार्ता बारे जानकारी गराएर हतारमा नयाँ पार्टी नबनाउन सुझाव दिनु सकारात्मक नै हो। नेतृत्वलाई जनवर्गीय संगठनका नेताहरूले दिएको दबाब पनि चाँडो सहमति खोज्नका लागि हो।

पार्टी एकता जोगाउन बनेको १० सदस्यीय कार्यदलका केही सदस्य पार्टीबाट निष्कासनमा परेकाले कार्यदल भने अस्तित्वमा छैन ।कार्यदलमा रहेका नेताहरूले अनौपचारिक वार्ता गरेका छन । मिल्ने चाहना भए कार्यदल पुनर्गठन हुन सक्नेछ । सुरेन्द्र पाण्डे, घनश्याम भुसाल, सोमप्रसाद पाण्डे, विरोध खतिवडालगायतलाई जेठ १० मा स्पष्टीकरण सोध्ने निर्णय भएको थियो। वरिष्ठ नेताद्वय नेता माधवकुमार नेपाल, झलनाथ खनाल, भीम रावलसहित ११ जनालाई स्पष्टीकरण सोधेको दुई दिनमै निष्कासन गरिएको थियो । नेपालसहित नेतालाई जेठ ८ मा स्पष्टीकरण सोधेर १० गते पार्टी सदस्यसमेत नरहने गरी कारबाहीको निर्णय भएको थियो।

एमाले नेताहरूले स्पष्टीकरण सोधिएका घनश्याम भुसाल, सुरेन्द्र पाण्डेलगायत नेतासँग संवाद गरिरहेका छन् । एमाले अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली र नेपाल पक्षका दोस्रो तहका नेताहरूबीच सोमबार साँझ चार घन्टा छलफल भएको थियो । दरबारमार्गस्थित एक होटलमा भएको वार्ता एकता कसरी गर्ने भन्नेमा केन्द्रित भएको थियो। उक्त वार्तामा नेपाल पक्षबाट घनश्याम भुसाल, सुरेन्द्र पाण्डे, गोकर्ण विष्ट र योगेश भट्टराई सहभागी थिए। ओलीबाट विष्णु पौडेल, सुवास नेम्वाङ र प्रदीप ज्ञवाली सहभागी थिए।

एमाले प्रवक्ता ज्ञवालीले दुई पक्षबीच छलफल भएको विषय स्वीकार गर्दै एकताको अन्तिम प्रयास जारी रहेको स्पष्ट पारेका छन । 'एकताको अन्तिम प्रयासस्वरूप छलफल भइरहेको छ'। 'सकेसम्म एकता जोगियोस् भन्नेमा नेतृत्व तहबाट अन्तिम समयसम्म जारी रहने भनेरै स्थायी कमिटीले बैठक स्थगित हुँदै आएको छ। देशभरिका कार्यकर्ताको भावना र जनमतको कदर गरेर एकताको लागि लचकता देखाउनु आबश्यक छ। अनौपचारिक वार्तामा भएका प्रगतिले मिलन हुने संभावना रहेकोमा छावार्तामा पुरा सहमति नभए सम्म प्रचारवाजी गर्नु निरर्थक हुन्छ। पार्टी एकता प्रचार गरेर होइन मन जितेर गर्नुपर्छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : ब्यापारमा लाभ |
| वृष | : मन चञ्चल | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : झमेला बढ्ने |
| कर्कट | : मानसिक तनाब | मकर | : शारिरीक झमेला |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# लागुऔषध र भरुवा बन्दुकसहित दुई पक्राउ

**रासस**
**बागलुङ, २० जेठ**

बागलुङको ढोरपाटन नगरपालिकाबाट लागुऔषध र भरुवा बन्दुकसहित प्रहरीले दुई युवालाई पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यलय बुर्तिबाङबाट खटिएको टोलीद्वारा ढोरपाटन-४ भाँगीका स्थानीय दुई युवाले घरमा लुकाइछिपाइ राखेको करिब दुई किलो २०० ग्राम चरेसजस्तो देखिने पदार्थ, सात किलो गाँजाको धुलो र एक थान भरुवा बन्दुक बरामद गरेको छ। विषेश सूचनाका आधारमा खोजतलास गर्दा उनीहरूबाट चरेस, गाँजाको धुलो र भरुवा बन्दुक जफत गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक इकवाल हवारीले जानकारी दिनुभयो । उनीहरूलाई लागुऔषध र भरुवा बन्दुकसहित पक्राउ गरिएको हो । पक्राउ पर्नेमा ढोरपाटन-४ का ३५ वर्षीय जीतबहादुर पुन र सोही ठाउँका ४१ वर्षीय डम्बरबहादुर पुन रहेका छन्।

जितबहादुरको घरबाट गाजाँको धुलो र डम्बरबहादुरको घरबाट चरेसजस्तो देखिने पदार्थ, केही गाजाँको धुलो र एक नाले भरुवा बन्दुक बरामद गरिएको हो । पक्राउ परेका उनीहरूलाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय ल्याइएको छ । उनीहरूलाई लागुऔषध तथा हातहतियारसम्बन्धी मुद्दा चलाइएको छ।

# वृद्धको उद्धार

**रासस**
**तनहुँ, २० जेठ**

तनहुँको देवघाट गाउँपालिका-५ निवासी ८३ वर्षीय वृद्धको देवघाट गाउँपालिकाका अध्यक्ष दुर्गबहादुर थापाले उद्धार गर्नुभएको छ।

गाउँपालिकाभित्र दुई दशक अगाडिदेखि बसोबास गर्दै आउनुभएका ती वृद्धको अध्यक्ष थापाले उद्धार गर्नुभएको हो । एक्लै बस्दै आउनुभएका कृष्णबहादुर न्यौपाने केही समयदेखि बिरामी भएपछि थापा आफै घरमा पुगेर उहाँको उद्धार गर्नुभएको छ । ती वृद्धलाई मानव सेवा आश्रममा पठाइएको छ ।देवघाटस्थित पुरानो झोलुङ्गे पुलमा बसेर दैनिक गुजारा गर्ने न्यौपाने दोहोरो कुरा गर्न नसक्ने, काम कम सुन्ने, आँखा पनि कम देख्ने गर्नुहुन्थ्यो। उहाँ २० दिनदेखि बिरामी भएपछि घरमा नै बस्दै आउनुभएको थियो। वृद्धसँग रु पाँच हजार रहेकाले उक्त रकम पनि आश्रमलाई बुझाइएको अध्यक्ष थापाले जानकारी दिनुभयो । यसैबीच जिल्ला प्रशासन कार्यालय तनहुँले शुक्लागण्डकी नगरपालिकास्थित दुई औषधि पसल बन्द गराएको छ । मापदण्ड विपरित सेवा दिएपछि प्रशासन कार्यालयले दुई औषधि पसल बन्द गराएको हो।

सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालका अनुसार धर्मसेवा मेडिकल र फेमिली स्वास्थ्य क्लिनिक बन्द गराइएको छ। अनुगमनका क्रममा डाक्टर बिना बिरामी राखेर उपचार गरेको पाइएपछि ती मेडिकल बन्द गराइएको बरालले बताउनुभयो।

# जागौं नेपाल राष्ट्रिय अभियानद्वारा रबि लामिछाने फाउन्डेसनलाई रकम हस्तान्तरण

**पोखरापत्र संवाददाता**
**पोखरा, २० जेठ**

जागौं नेपाल प्रवास समितिले प्रवासमा संकलन गरेको रकम बुधबार एक समारोहका बीच रबि लामिछाने फाउन्डेसनलाई हस्तान्तरण गरेको छ।

जागौं नेपाल राष्ट्रिय अभियानका संयोजक दिपक आचार्यले एक समारोहका बीच रबि लामिछाने फाउन्डेसन अध्यक्ष एबं सामाजिक अभियन्ता, बरिष्ठ संचारकर्मी रबि लामिछानेलाई प्रबासबाट संकलन गरिएको एकलाख ११ हजार एकसय ११ नेपाली रुपैया हस्तान्तरण गर्नुभएको हो। रबि लामिछाने फाउन्डेसनले काठमाण्डौमा जनमैत्री अस्पताल संचालन गरी गरीब तथा असहाय नागरिकलाई निस्शुल्क उपचार गर्ने कार्य गरिरहेको छ। २०७७ साल मंसीरमा गठन भएको जागौं नेपाल राष्ट्रिय अभियानको पाँच सय एक सदस्यीय भेला आयोजक समिति गठन भएको छ भने प्रबासमा विभिन्न २५ वटा प्र'बास समिति रहेका छन् । २५ मध्ये जागौं नेपाल प्रवास समिति साउदी अरब समिति लगायतले १० वटा प्रबास समितिले संकलन गरेको रकम फाउन्डेसनलाई हस्तान्तरण गरेको हो । जागौं नेपाल प्रवास समिति ले सुरुवात गरेको मानवीय सेवा सहयोग अभियान अन्तर्गत 'आफु बचौं। अरुलाई पनि बचाऔं। पुण्य कमाऔं' भन्ने उदेश्यका साथ संकलित रकम हस्तान्तरण गरिएको अभियानकी सदस्य सचिब ज्ञानु आचार्यले जानकारी दिनुभयो।

सदस्य सचिब आचार्यले सहयोग गर्नुहुने सम्पूर्ण सहयोगी मनहरुप्रति जागौं नेपाल राष्ट्रिय अभियानले कृतज्ञता व्यक्त गरेको बताउनुभयो।

# लिचीको दाना अड्किएर बालकको मृत्यु

**रासस**
**कञ्चनपुर, २० जेठ**

कञ्चनपुरको भीमदत्त नगरपालिका-५ मा लिचीको दाना अड्किएर एक बालकको मृत्यु भएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक अमरबहादुर थापाले बुधबार साँझ लिचीको दाना अड्किएर छ महिने बालक वीरेन्द्र चन्दको मृत्यु भएको जानकारी दिनुभयो।

"खेल्दाखेल्दै लिचीको दाना खाँदा अड्किएर अस्पताल लगिएको थियो", उहाँले भन्नुभयो, "महाकाली अस्पताल पुग्दापुग्दै चिकित्सकले मृत घोषणा गरे।"

# वातावरणीय चुनौतीका बीच थालिएको पहल

**–कृष्ण अधिकारी**
**काठमाडौं, २० जेठ (रासस)**

विश्वव्यापी रुपमा बढ्दो वातावरण विनास र यसले जलवायु प्रणालीमा पारेको प्रभावका कारण प्राणी र वनस्पती जगतका लागि आगामी दिन अझ कठिन बन्दै जाने देखिएको छ । बढ्दो जीवाश्म इन्धनको खपत र प्राकृतिक स्रोत साधनको अधिक दोहनले गर्दा विश्वव्यापी तापमानमा वृद्धि भई अनेक प्राकृतिक विपद् र अनेक रोगव्याधिका घटना बढ्न थालेपछि केही वर्षयता विश्वव्यापीरुपमा यसको रोकथामका विभिन्न प्रयासहरु प्रारम्भ भएपनि अझै ठोस पहल भने हुन सकेको छैन।

आज विश्व कोभिड रोगबाट जसरी आतंकित बनेको छ, भोलि वातावरणीय प्रदूषणका कारण निम्तिने असर धेरै गुण बढी जोखिमपूर्ण हुने विज्ञहरुले बताएका छन् । अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीको अनुसार विश्व महामारीबाट फर्किंदै गर्दा यस वर्ष कार्बन डाइअक्साइड उत्सर्जनमा ठूलो उछाल आउन सक्छ। २०१९ को तुलनामा २०२१ मा कुल उर्जा उत्सर्जन थोरै कम भएपनि कार्बन डाइअक्साइडको उत्सर्जन भने बढ्ने देखाएको छ। अन्तर्राष्ट्रिय उर्जा एजेन्सीको अनुसार सन् २०२० मा कोरोना महामारीले गर्दा आर्थिक गतिविधि सुस्त भएको कारण कार्बनडाइअक्साइड उत्सर्जनमा ५.८% ले गिरावट आएको थियो तर वर्षको अन्त्यदेखि यो बढ्दै गएको छ। २०२० को डिसेम्बरमा उत्सर्जन बढेर २% भएको थियो जुन २०१९ को भन्दा धेरै हो।

विश्वव्यापी तापक्रम वृद्धिले गर्दा हिमनदी तीव्र दरमा पग्लिएको छ । २१ औं शताब्दीको शुरुका दुई दशकमा एक वर्षमा २७० अरबौं टन बरफ पग्लिएको अनुसन्धानकर्ताहरूले बताएका छन्। पछिल्ला २० वर्षमा हिमनदीहरूले प्रतिवर्ष २६७ गिगाटन बरफ गुमाएको छ भने। यो दशकमा लगभग ४८ गिगाटन हिमनदी द्रुत दरमा पग्लँदै छ । यसले भविष्यमा स्वच्छ पानीको स्रोतको अभाव हुने र समुन्द्र तटका अधिकांश मुलुक डुब्ने सम्भावनालाई बढाएको छ।

जलवायु परिवर्तनलाई पराजित गर्न संसारका धनीहरुले आफ्नो जीवनशैलीमा आमूल परिवर्तन गर्नुपर्दछ । संयुक्त राष्ट्रसंघका अनुसार विश्वका धनी १% ले गरीब ५०% ले भन्दा दोबर कार्बन उत्सर्जन उत्पादन गर्छ । विश्व मौसम विज्ञान संगठनद्धारा प्रकाशित एक रिपोर्टमा अबको पाँच वर्षमध्य जुनै वर्षमा पनि विश्वव्यापी तापमान सीमामा पुग्ने सम्भावना बढ्दै गइरहेको उल्लेख छ। सो अध्ययनले २०२५ सम्ममा कम्तिमा एक बर्ष पूर्व औद्योगिक स्तरभन्दा १.५ सी तातो हुने ४०% सम्भावना रहेको बताएको छ। यो पेरिस सम्झौताले मौसम परिवर्तनमा तय गरेको दुई डिग्रीको तापमानको सीमाभन्दा कम हो।

अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीको अनुसार विश्वले २०५० सम्ममा शून्य कार्बन उत्सर्जन प्राप्त गर्न २०२५ देखि सबै जीवाश्म ईन्धन परियोजनाहरू खारेज गर्नुपर्ने हुन्छ। यसअनुसार विश्वभरि नयाँ पेट्रोल र डिजल कारहरूको बिक्री २०३५ सम्ममा समाप्त हुनेछ। एजेन्सीले आगामी तीन दशकमा जीवाश्म इन्धनको मागमा तीव्र रुपमा गिरावट आाउने र साथै विश्वव्यापी ऊर्जा क्षेत्रले कार्बन तटस्थता प्राप्त गर्न २०४० सम्म म्याद राखिएको पूर्वानुमान गरेको छ। एजेन्सीका अनुसार अबदेखि नयाँ कोइला, तेल वा ग्यास अन्वेषण वा आपूर्ति हुने छैन । ऊर्जा क्षेत्र हरित गृह ग्यासको उत्सर्जनको ७५% स्रोत रहेकाले नवीकरणीय ऊर्जामा लगानी वृद्धि गर्नु पर्ने देखिन्छ।

सकारात्मक प्रयासको थालनी

संयुक्त राष्ट्रको एक प्रमुख रिपोर्टले छोटो अवधिमा मौसम परिवर्तनलाई नियन्त्रण गर्न मिथेन ग्यासको उत्सर्जन घटाउनु पर्नेमा जोड दिएको छ। ग्लोबल वार्मिङको दरलाई घटाउन जीवाश्म इन्धन उद्योग लगायत मिथेन उत्सर्जनमा गहिरो कटौती तुरुन्तै गर्नुपर्ने हुन्छ । कार्बन डाइअक्साइडको तुलनामा मिथेनको तापक्रम बढी हुने र वातावरणमा कार्बन डाइअक्साइडभन्दा धेरै छिटो फैलिने हुनाले मिथेनको उत्सर्जनलाई कम गर्न विश्वका नेताहरू सहमत भएका छन् । वातावरणीय चुनौतीको सामना गर्दै स्वच्छ विश्व निर्माणका लागि केही देशहरुबाट सकारात्मक कार्यहरुको थालनी भएका छन्।

युरोपियन आयोगको अनुसार युरोपेली संघले वायु प्रदूषण, फोहोर र रसायनको प्रयोगसम्बन्धी कडा नियमहरु बनाउने भएको छ । सदस्य राष्ट्रहरू र युरोपेली संघ संसदबीच सहमति भएको नयाँ कानूनअन्तर्गत सन् १९९० को स्तरको तुलनामा २०३० सम्ममा कार्बन उत्सर्जन कम्तिमा ५५% ले कटौती गर्ने उच्च लक्ष्यका राखेको छ। युरोपेली संघको कमिशन प्रमुख उर्सुला भोन डर लेनले भनेका छन्, "२०५० सम्ममा पहिलो जलवायु तटस्थ महादेश बन्ने हाम्रो राजनीतिक प्रतिबद्धता पनि अब कानुनी भएको छ।" कोरोनाका कारण जनजीवनमा प्रत्यक्ष असर पारे पनि वातावरणीय स्वच्छतामा भने केही योगदान पुऱ्याएको देखिन्छ । गत वर्ष युरोपेली संघमा जीवाश्म ईन्धनको प्रयोगबाट हुने कार्बन उत्सर्जन घटेको छ । कोभिड-१९ को प्रतिबन्धले गर्दा यस क्षेत्रमा यात्रा र कारखानाहरू बन्द भएको हुनाले उत्सर्जन घटेको अनुमान गरिएको छ। २०१९ को तुलनामा २०२० मा जीवाश्म इन्धनको दहनबाट कार्बन डाइअक्साइड उत्सर्जन १०% ले गिरावट आएको छ भने प्राकृतिक ग्यास खपत १५ देशमा खस्किएको छ। २०२० मा बेलायतको हरितगृह ग्यास उत्सर्जन ८.६% ले गिरावट आएको छ। कोरोना महामारीलाई नियन्त्रण गर्न विगत वर्षमा सरकारले उद्योग कलकारखाना र सवारी साधन बन्द गरेको थियो । त्यहाँको व्यापार, ऊर्जा र औद्योगिक रणनीति विभागको एक प्रारम्भिक रिपोर्टअनुसार २०२० मा यो ठूलो गिरावट मुख्यत देशव्यापी लकडाउनको क्रममा सडक यातायातको प्रयोगमा भएको ठूलो कटौती र व्यापार गतिविधिमा भएको कटौतीका कारण भएको हो। २०२० मा बेलायतको हरितगृह ग्यास उत्सर्जन ४१४.१ मिलियन टन कार्बन डाइअक्साइड बराबर रहेको अनुमान गरिएको थियो भने अघिल्लो वर्ष त्यो ४५४.८ मिलियन थियो।

विश्वको सबैभन्दा बढी प्रदूषक राष्ट्रको रुपमा रहेको चीनले प्रदूषणकारी आयोजनाहरूका लागि वातावरणीय स्वीकृतिलाई कडा पार्ने भएको छ । चिनीया वातावरण मन्त्रालयका अनुसार कम कार्बन विकासलाई बढावा दिन चीनले स्टिल र एल्युमिनियमजस्ता उच्च ऊर्जाको प्रयोग गर्ने र धेरै उत्सर्जन उत्पादन गर्ने उद्योगहरूमा नियन्त्रणलाई कडा पार्ने योजना बनाएको त्यहाँको समाचार समिति सिन्हवाले जनाएको छ । केही दशकको औद्योगिक विस्तारपछि चीनले २०३० भन्दा अघि कार्बन उत्सर्जनमा कटौती सुरु गर्ने र २०६० सम्ममा कार्बन तटस्थ हुने वाचा गरेको छ। लक्ष्य पूरा गर्न चीनले प्रत्येक प्रान्तको वातावरण नियामकलाई स्थानीय उच्च ऊर्जा तीव्रता र उच्च उत्सर्जन परियोजनाहरु समन्वय र व्यवस्थापन गर्न आग्रह गरेको छ। चीनले यस दशकमा कार्बन उत्सर्जन रोक्न र नवीकरणीय ऊर्जातिर लाग्ने आफ्नो प्रतिबद्धतालाई पूरा गर्न सक्रियता देखाएको छ। गत वर्ष बेइजिङले २०३० सम्ममा चरम उत्सर्जनलाई प्रभावित पार्ने र २०६० सम्ममा कार्बन तटस्थ हुने घोषणा गरेको थियो।

यसका लागि चीनले नवीकरणीय ऊर्जाको खपतलाई उच्च प्राथमिकतामा राखेको छ । राष्ट्रपति सि जिनपिङले प्रतिबद्ध गरेको लक्ष्यभन्दा पाँच वर्ष अगाडि नै कार्बन उत्सर्जनमा उल्लेख्य कमी ल्याउनेमा चीनियाँ ऊर्जा विज्ञहरू आशावादी छन् । उनीहरुका अनुसार २०२५ सम्ममै देश कार्बन उत्सर्जनको चरम उचाइ पुग्नेछ । राष्ट्रपति सिका अनुसार चरम कार्बन र कार्बन तटस्थता हासिल गर्नु संसारको लागि गम्भीर प्रतिबद्धता हो र यसले आर्थिक र सामाजिक रूपान्तरण ल्याउनेछ। अहिले पनि चीनले विश्वमा सबैभन्दा बढी विश्वको हरितगृह ग्यासको २७% उत्सर्जन गर्दछ। सन् २०१९ मा अमेरिका ११% ले दोस्रो ठूलो उत्सर्जक थियो भने ६.६% को साथ भारत तेस्रो स्थानमा थियो । वैज्ञानिकहरूले चेतावनी दिएका छन् कि अमेरिका र चीनबीचको सहमति बिना जलवायु परिवर्तनको प्रभाव नियन्त्रण गर्न सम्भव छैन। यस्तै बेलायतले मौसम परिवर्तनसँग लड्न र २०५० सम्ममा शुद्ध शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्न आगामी तीन वर्षमा रूख रोप्ने दरलाई बढाउने योजना ल्याएको छ। बेलायतको पर्यावरण सचिव जर्ज युस्टिसले मे २०२४ सम्म वन क्षेत्र विस्तार दर तीन गुणा बढाउने र प्रतिवर्ष सात हजार हेक्टरका दरले बढाउने घोषणा गर्ने भनेका छन् । यसबाट ठूलो सङ्ख्यामा हरित रोजगारी सिर्जना हुने बताइएको छ।

सन् २०२० मा वायु र सौर्य ऊर्जाको वृद्धिसँगै अस्ट्रेलियाले कार्बन उत्सर्जनमा पाँच प्रतिशतले कमी ल्याएको छ। त्यहाँका ऊर्जामन्त्री अंगुस टेलरले एक विज्ञप्तिमा "हामी २०३० को पेरिस लक्ष्यलाई भेट्ने बाटोमा छौं, भनेका छन्। अघिल्लो वर्षको तुलनामा २०२० मा कार्बन डाइअक्साइड उत्सर्जन २६ मिलियन टनले घटेको उद्योग विभागले जनाएको छ । यता स्पेनको संसदले हालै २०५० सम्म युरोपियन युनियन लक्ष्यहरू अनुरूप कार्बन तटस्थता हासिल गर्ने स्वच्छ ऊर्जा विधयेकलाई अनुमोदन गरेको छ । यस कानूनअनुसार २०४० बाट जीवाश्म ईंन्धन प्रयोग गर्ने गाडीको बिक्रीमा प्रतिबन्ध लगाइएको छ। स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजको अनुसार पृथ्वीको लागि, हाम्रो भविष्यको लागि र आउँदो पुस्ताहरूका लागि स्पेनको मौसम कानूनले सबैका लागि हरियो, दिगो, निष्पक्ष र समृद्ध भविष्य निर्माण गर्न बल पुग्ने छ। संवैधानिक अदालतको निर्णयले गर्दा जर्मनीले ग्रीन हाउस ग्यास उत्सर्जन घटाउने बढी महत्वाकाक्षी योजना घोषणा गरेको छ। अदालतको अनुसार सरकारले २०३० भन्दा बाहिर कार्बन उत्सर्जन कसरी घटाउने कुराको स्थापना गर्न असफल भएको छ। अर्थमन्त्री ओलाफ स्कोल्जले जर्मनीले २०३० सम्ममा कार्बन उत्सर्जनमा ६५% र २०४० सम्ममा ८८% कटौती गर्ने लक्ष्य राखेको बताएका छन् । नयाँ लक्ष्य अन्तर्गत, जर्मनीले २०५० सम्ममा सुरुमा बनाएको योजनालाई घटाएर २०४५ सम्ममा लगभग शून्य उत्सर्जनको लक्ष्य राखेको छ । जर्मनीको कार्बन डाइअक्साइड उत्सर्जन १९९० को स्तर भन्दा ४०% भन्दा कम भैसकेको छ । फिलिपिन्सले हरितगृह ग्यास उत्सर्जनलाई २०३० सम्ममा ७५% सम्म कटौती गर्ने लक्ष्य लिएको छ। फिलिपिन्सले चार वर्षअघि जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौताको प्रतिबद्धतामा ७०% को लक्ष्य तय गरेको थियो। अहिले यो लक्ष्य ५% ले बढाएर ७५% मा परिवर्तन गरिएको छ।

फिलिपिन्सले २०१७ मा पेरिस सम्झौतालाई अनुमोदन गरेर मनिलालाई हरित मौसम कोषमा पहुँच प्रदान गरेको थियो। यता आयरल्यान्ड सरकारले २०५० सम्म कार्बन तटस्थतामा पुग्ने लक्ष्यसहित २०३० सम्ममा हरितगृह ग्यास ५१% कटौती गर्ने बाध्यकारी लक्ष्य स्थापना गर्ने कानूनलाई अनुमोदन गरेको छ। सरकारले हालै एक विज्ञप्ति जारी गरी प्रारम्भिक कटौतीलाई पाँचवर्षे कार्बन बजेटमार्फत २०१८ लाई आधार भूतको रूपमा प्रयोग गरी अर्थव्यवस्थाको प्रत्येक क्षेत्रको उत्सर्जन उचाइका साथ कार्यान्वयन गरिने भनेको छ।

आगामी नोभेम्बरमा ग्लासगोमा आयोजना हुन लागेको संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी शिखर सम्मेलन (कोप २६) का प्रमुख आलोक शर्माले विश्वव्यापी वातावरणीय सन्तुलन कायम राख्न कोइलाको प्रयोग निषेध र नवीकरणीय ऊर्जाको खपतलाई बढाउनुपर्ने बताएका छन् । बिबिसीका अनुसार उनले समृद्ध देशहरूलाई कोइलाबाट बिजुली उत्पादन अन्त्य गर्न आग्रह गर्ने छन् । उनले धनी राष्ट्रहरूले गरिब राष्ट्रहरूलाई मद्दत गर्नुपर्ने पनि बताएका छन् । उनले बैंक र वित्तीय संस्थाहरूलाई कोइलाबाट विद्युत केन्द्रहरू बनाउन देशलाई पैसा ऋण नदिन पनि आग्रह गरेका छन्। (विभिन्न अन्तर्राष्ट्रिय समाचार संस्थाहरुको सहयोगमा)

# मनाङमा सबैभन्दा बढी बजेट नासो गाउँपालिकालाई

पोखरापत्र संवाददाता
मनाङ, २० जेठ

आगामी आर्थिक वर्षका लागि हिमाली जिल्ला मनाङलाई कुल रु ६१ करोड ३४ लाख बजेट विनियोजन भएको छ । जिल्लाका चार स्थानीय तहमध्ये मनाङ प्रवेशद्वारको रूपमा रहेको नासों गाउँपालिकालाई सबैभन्दा बढी बजेट विनियोजन गरिएको छ।

गाउँपालिकाका लागि रु १७ करोड २७ लाख विनियोजन भएको गाउँपालिकाका अध्यक्ष चन्द्र घलेले बताउनुभयो । उहाँका अनुसार समानीकरण अनुदानतर्फ रु छ करोड ९९ लाख र सःशर्त अनुदानतर्फ रु १० करोड २८ लाख विनियोजन भएको छ । जिल्ला सदरमुकाम रहेको चामे गाउँपालिकालाई रु १५ करोड ८८ लाख बजेट विनियोजन भएको छ । गाउँपालिकालाई समानीकरण अनुदानतर्फ रु छ करोड ९८ लाख, सःशर्त अनुदानतर्फ रु छ करोड ८२ लाख र विशेष अनुदानतर्फ रु दुई करोड आठ लाख बजेट विनियोजन भएको पालिकाका प्रमुख लोकेन्द्रबहादुर घलेले जानकारी दिनुभयो । त्यस्तै माथिल्लो मनाङको मनाङ डिस्याङ गाउँपालिकालाई समानीकरणतर्फ रु छ करोड ९८ लाख र सः शर्ततर्फ आठ करोड ७० लाख गरी कूल रु १५ करोड ६८ लाख विनियोजन भएको छ । जिल्लाको सडक सञ्जालसँग समेत नजोडिएको विकट क्षेत्र नार्पाभूमि गाउँपालिकालाई रु १२ करोड ५१ लाख विनियोजन भएको छ । गाउँपालिकाले समानीकरणतर्फ रु छ करोड ८४ लाख, सःशर्त अनुदानतर्फ रु तीन करोड ८८ लाख, विशेष अनुदानतर्फ रु एक करोड ३३ लाख र समपूरकतर्फ ४६ लाख बजेट पाएको छ। जिल्लाका चार स्थानीय तहमध्ये चामे र नार्पाभूमि गाउँपालिकाले विशेष अनुदान प्राप्त गरेका छन् । जिल्लाका अन्य पालिकामध्ये मनाङ डिस्याङमा सबैभन्दा बढी जनसङ्ख्या रहेको छ।

# बर्खा लाग्यो, बनेनन् पहिराले विस्थापितका घर

-तारानाथ आचार्य
बलेवा, २० जेठ

बाढी पहिरोले क्षति पुगेका निजी आवास समयमा पुनर्निर्माण र पुनःस्थापना हुन नसक्दा पीडितहरु मर्कामा परेका छन् । बागलुङमा बाढी पहिरोले क्षति पुर्‍याएको एक वर्ष बितिसक्दा समेत तीनै तहका सरकारले निजी आवास पुनर्निर्माणमा ढिलाइ गरेका हुन् ।

गत वर्षको वर्षाले क्षति भएका यहाँका १० वटै स्थानीय तहमा निजी आवास पुनर्निर्माण तथा पुनःस्थापना हुन सकेको छैन । हिउँदमा त्रिपाल र टहरा निर्माण गरेर बसेका पीडितहरु वर्षायाम शुरु भएसँगै पीडाबोध गर्न थालेका छन् । "गत वर्ष जस्तै पहिरो आउला भन्ने त्रास गाउँमा छ, तीन दिन पानी पर्दा घरमा बस्नै सकिएन", जैमिनी नगरपालिका-१ कुश्मीशेराका ईश्वर पौडेलले भन्नुभयो, "हाम्रो गाउँमा आठ घर पुरिएका हुन्, कसैका घर बनेका छैनन् ।"

जिल्ला विपद् व्यवस्थापन समितिले तयार गरेको तथ्याङ्कअनुसार बाढी र पहिरोका कारण ६३२ परिवार विस्थापित भएका छन् । एक्काइस परिवारको नयाँ घर बनाउन जग्गासमेत नभएको तथा ५२ घरको प्रबलीकरण मात्रै गर्दा बस्न सकिने अवस्था रहेको तथ्याङ्क छ। स्थानीय सरकारले सङ्घ र प्रदेशको बाटो हेर्ने र सङ्घीय सरकारको कार्यक्रम आउन ढिलाइ हुँदा पुनर्निर्माण तथा पुनःस्थापनाको काम हुन नसकेको हो । बागलुङ, म्याग्दी र सिन्धुपाल्चोकलाई सरकारले विपद्ग्रस्त क्षेत्र घोषणा गरेको छ । सङ्घीय सरकारले पुनर्निर्माण र पुनःस्थापनाको कार्यक्रम ल्याउने आश्वासन दिएकाले आफूहरु पर्खाइमा रहेको ढोरपाटन नगरपालिकाका प्रमुख देवकुमार नेपाली बताउनुहुन्छ । राहतस्वरूप प्राप्त भएको रकमबाट अस्थायी बसोबासका लागि भने ढोरपाटनले काम शुरु गरेको छ।

सरकारले गठन गरेको राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जेठको दोस्रो साता मात्रै लाभग्राहीको सूची मागेको छ । स्थानीय तहले समयमा तथ्याङ्क तयार नगर्दा काम गर्न ढिलाइ भएको प्राधिकरणले आरोप लगाउने गरेको छ । "प्राधिकरणले पालिका तहमा जनशक्ति परिचालन गरेर तथ्याङ्क तयार गर्न लगाएको थियो, प्राप्त तथ्याङ्कलाई हामीले केही दिनअघि मात्रै पठाएका छौँ", जिल्ला विपत् व्यवस्थापन समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्कीले भन्नुभयो, "असारभित्रै पहिलो किस्ताको रकम पठाउला भन्ने आश छ ।"

प्राधिकरणले तयार गरेको कार्यविधिअनुसार पुनर्निर्माण, पुनःस्थापना र प्रबलीकरणका लागि सरकारले अनुदान दिने भनेको छ । पहाडी जिल्ला बागलुङमा प्रत्येक घर पुनर्निर्माणका लागि रु चार लाख अनुदान दिने कार्यविधिमा उल्लेख छ । भूकम्पपछिको पूनर्निर्माण जस्तै विधिको प्रयोग गरेर सरकारले अनुदान उपलब्ध गराउन लागेको हो । जग्गा नभएकाले घडेरी खरिदका लागि थप रकम पाउने छन् । मर्मत गरेर बस्न सकिने घरका लागि प्रबलीकरण कार्यक्रममा समावेश छ । दुई वर्षमा सबै काम सकिने गरी लाभग्राहीले अनुदान पाउने कार्यविधिमा उल्लेख छ । "असारसम्म पहिलो किस्ताको रकम दिन सकिन्छ होला", जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी गणेश गौतम भन्नुहुन्छ, "सबै प्रक्रिया पुगेपछि बाँकी दुई किस्ताको रकम पाइन्छ ।" असारमा पहिलो किस्ताको रकम पाए पनि वर्षाका कारण घर निर्माणको काम थाल्ने वातावरण नहुने पीडितको गुनासो छ । पीडितले पाउने अनुदानमा समेत तीनै तहको साझेदारी रहने कार्यविधिमा उल्लेख छ । गाउँपालिकाको हकमा सङ्घीय सरकारको ६० प्रतिशत, प्रदेशको ३० प्रतिशत र स्थानीय तहको १० प्रतिशत साझेदारी रहने भनिएको छ। नगरपालिकाको हकमा सङ्घीय सरकारको ५५, प्रदेशको ३० र स्थानीय तहको १५ प्रतिशत साझेदारी रहने छ। साझेदारीका लागि स्थानीय तहले उपलब्ध गराउनुपर्ने रकमसमेत जम्मा हुन ढिलाइ भएको छ । तीनै तहबाट प्राप्त अनुदान रकमलाई जिल्ला विपत् व्यवस्थापन समितिले कार्यप्रगतिका आधारमा लाभग्राहीलाई उपलब्ध गराउने छ।

बागलुङमासबैभन्दाधेरैढोरपाटन र निसीखोला गाउँपालिकामा बाढी पहिरो प्रभावित छन् । ढोरपाटनमा १२७ र निसीखोलामा पनि १२७ परिवार घरबारविहीन भएका थिए। बडिगाड गाउँपालिकामा ११५ घरमा क्षति पुगेको थियो । जैमिनीमा ६५, बागलुङमा ७४, गल्कोट नगरपालिकमा ३३, ताराखोलामा २८, बरेङमा ४३, काठेखोलामा १४ र तमानखोला गाउँपालिकामा छ घर बाढी पहिरोबाट क्षति पुगेका थिए । भूजीखोलामा आएको बाढीले गत बर्खाको समयमा ढोरपाटन नगरपालिकामा सबैभन्दा धेरै जनधनको क्षति भएको थियो भने जैमिनी, निसीखोला र बरेङमा धेरै परिवार विस्थापित छन् ।

# बिकेन कुखुरा, किसान मारमा

- रामबहादुर थापा
बागलुङ, २० जेठ (रासस)

बागलुङ नगरपालिका-३ का कुखुरापालक किसान देवेन्द्र पुनकामा रहेका ३०० ब्रोइलर कुखुराले ६० दिन नाघे । तौल बढेर चार किलो बढीका भइसके । पहिला ४०-४५ दिनमै कुखुरा बेच्नुपर्थ्यो । अहिले कुखुरा खोरमै थन्किएका छन् ।

महङ्गो दाना खुवाएर पाल्नुपर्ने स्थिति छ । पुनको खर्च बढेको बढ्यै छ । निषेधाज्ञाका कारण कुखुरा बिकेका छैनन् । बजार, व्यवसाय ठप्प छ । मासुको खपत घटेको छ। यही बेला मूल्यमा पनि गिरावट आएको छ । "ज्यूँदो कुखुराको मूल्य प्रतिकिलो रु ३२० बाट रु २३० मा झरेको छ", पुनले भन्नुभयो।

निषेधाज्ञाअघि रु ५०० बढी पुगेको मासुको भाउ पनि घटेर अहिले ४४० भएको छ । "कुखुरापालनमा खर्च धेरै छ, यसपालि लागत पनि नउठ्ने भयो, किसानलाई उल्टो घाटा छ", पुनले भन्नुभयो, "कहिले स्थिति सहज हुन्छ भन्ने पनि कुनै टुङ्गो छैन।" मासु धेरै खपत हुने होटल, रेष्टराँ नै अहिले बन्द छन् । फाटफुट्रूपमा घरायसी प्रयोजनका लागि मात्र मासुको बिक्री भइरहेको छ । कतिपय व्यवसायी मासु पसल पनि बन्द गरेर बसेका छन् ।

खाद्यान्न, तरकारी, माछा, मासुलगायत दैनिक उपभोग्य सामग्री खरिदका लागि बिहान १० :०० बजेसम्म मात्र बजार खुल्छ । कुखुरापालक किसानले गरेको बीमा पनि ५० दिनसम्मका कुखुरामा मात्र लागू हुन्छ। पचास दिन कटेका कुखुरा कुनै रोगव्याधिले मरे पनि किसानले बीमा रकम पाउँदैनन् । पोल्ट्री व्यवसायी सङ्घ बागलुङका अध्यक्ष ध्रुव श्रेष्ठले यही बेला रानीखेत रोगले पनि कुखुरापालक किसानलाई सताएको बताउनुभयो । "तीन/चार जना किसानको त खोर नै रित्तियो, एकातिर निषेधाज्ञाले कुखुरा नै उठेको छैन, अर्कातिर रोगले किसानलाई अप्ठेरो परेको छ", उहाँले भन्नुभयो । बिक्रीका लागि तयार भएका कुखुरा ठूलो मात्रामा किसानकामा रोकिएर बसेको श्रेष्ठले बताउनुभयो । रु १३५ मा चल्ला किनेका किसानलाई ज्यूँदो कुखुरा थोकमा प्रतिकिलो रु २०० मा बेच्नुपर्ने बाध्यता आइलागेको उहाँको भनाइ छ । दाना पनि महङ्गिएपछि किसानलाई थप मर्का परेको छ । रु तीन हजार ४०० पर्ने दाना अहिले तीन हजार ६०० बढीमा किन्नुपर्छ । कुखुरा बिक्री नभई थन्किएर किसानको लागत दैनिक बढ्दै जाने हुन्छ । समयमा बेच्न नसक्दा कुखुरापालनको नियमित चक्रमा असर पुग्छ।

सङ्घका अनुसार सहज समयमा सातामा २० हजार जति कुखुराका चल्ला बागलुङ भित्रन्छन् । अहिले चल्ला आयात भएका छैनन् । जिल्लामा झण्डै २०० व्यावसायिक कुखुरापालक किसान छन् । पछिल्लो समय ब्रोइलरसँगै स्थानीय जातका कुखुराको पनि व्यावसायिकपालन बढ्दो छ।

# महामारी नियन्त्रणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोग जुटाउँदै सरकार

-कालिका खड्का
काठमाडौं, २० जेठ (रासस)

सरकारले कोभिड-१९ को महामारीबाट नागरिकलाई बचाउन खोप र स्वास्थ्य सामग्रीका लागि अन्तर्राष्ट्रिय निकायसँग अपिल गरेपछि ती दातृ राष्ट्रहरूबाट सहयोग जुट्ने क्रम जारी रहेको छ।

राष्ट्रपति विद्यादेवी भण्डारीले मित्रराष्ट्र चीनका राष्ट्रपति सी चिनफिङसँग कोरोना महामारी नियन्त्रणका क्षेत्रमा टेलिफोनमार्फत नै आवश्यक सहयोगको अपिल गर्नुभएको थियो । उहाँहरूबीचको वार्तापछि चीन सरकारले नेपाललाई तत्काल १० लाख डोज खोप अनुदानस्वरुप उपलब्ध गराउने घोषणा गरेको थियो । यो खोप मङ्गलबार र बुधबार नेपाल आइसकेको छ।

चीन सरकारले यसअघि पनि आठ लाख डोज खोप नेपाललाई उपलब्ध गराएको थियो । हालसम्म चीन सरकारले १८ लाख डोज खोप उपलब्ध गराएको नेपाल सरकारले जनाएको छ। सरकारले उक्त खोप यही जेठ २५ गतेबाट ६० वर्षदेखि ६५ वर्षसम्मका सातै प्रदेशका नागरिकलाई लगाउन शुरु गर्ने निर्णय पनि गरेको छ।

"चीनबाट आएको १० लाख डोज भेरोसेल खोप ६० वर्षदेखि ६५ वर्षका व्यक्तिलाई मात्र लगाउन मिल्ने हो, अरु उमेरकालाई लगाउन मिल्दैन", स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समीर अधिकारीले भन्नुभयो, "एकपटक पनि नलगाएका व्यक्तिलाई त्यो खोप लगाइन्छ।"

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको तथ्याङ्कअनुसार कोभिड-१९ विरुद्ध नेपालले हालसम्म ४४ लाख डोज खोप प्राप्त गरेको छ । त्यसमध्ये सात लाख १४ हजार १६३ ले दुवै डोज खोप लगाएका छन् भने २१ लाख १३ हजार ८० नागरिकले एक डोज लगाएका छन् । करिब १४ लाख नागरिकले दोस्रो डोज लगाउन बाँकी छ । भारतबाट खरिद गरिएको कोभिसिल्ड खोप आउन नसक्दा उक्त खोप लगाउन समस्या भएको हो । नेपाल सरकारले भारत सरकारसँग ३० लाख डोजका लागि अपिल गरेको थियो । त्यसमध्ये २० लाख डोज खोपको पैसा पहिला नै सरकारले बुझाइसकेको छ तर १० लाख खोप मात्र प्राप्त भएको छ भने थप १० लाख खोप भारतले अनुदानमा दिएको थियो । नेपालले खरिद गरेको १० लाख खोप नआउँदा कोभिसिल्डको दोस्रो डोज अभाव भएको हो।

"भारतबाट ल्याउनका लागि पैसा बुझाएको १० लाख डोज खोप आउन सकेको छैन, राष्ट्रपति, प्रधानमन्त्रीको पहलमा कोभिसिल्ड खोपका लागि पहल भइरहेको छ", सहप्रवक्ता डा अधिकारीले भन्नुभयो, "सरकारबाट भारत, अमेरिका, रसिया र बेलायतसँग उक्त खोप ल्याउनका लागि पहल भइरहेको छ, जेठको अन्तिम वा असारको पहिलो हप्तासम्म आइपुग्ने तयारी छ।" मन्त्रालयका अनुसार कोभिडबाट नागरिकलाई बचाउनका लागि खोप प्रमुख कुरा हो । त्यसको पहल भइरहेको छ । स्वास्थ्य सामग्रीको अहिले अभाव छैन । कोभिसिल्डको दोस्रो डोज खोपका लागि आवश्यकता हो र त्यसका लागि पनि सरकारले पहल थालेको जनाएको छ।

भारतबाट आउन नसकेपछि कोभिसिल्ड खोपको दोस्रो डोज लगाउनका लागि भने अहिले समस्या भइरहेको छ । त्यसका लागि राष्ट्रपति विद्यादेवी भण्डारीले खोप उत्पादन गर्ने देशहरू भारत, चीन, अमेरिका, बेलायत र रुसका राष्ट्रप्रमुखलाई पहल गरी खोप ल्याउनका लागि पहल गरिरहनुभएको छ।

"राष्ट्रपतिले टेलिफोनमार्फत चीनका राष्ट्रपतिसँग भएको टेलिफोन सम्वादमा घोषणा भएबमोजिमको१०लाखडोजखोप नेपाल आइपुगेको छ", राष्ट्रपतिका सूचना तथा सञ्चार विज्ञ सल्लाहकार टीका ढकालले भन्नुभयो, "अहिले विश्वव्यापी कोभिडको सङ्क्रमण छ, यस्तो बेलामा अनुदान माग्ने कुरा भएन,नेपाल सरकारले तत्काल खरिद गर्न पहलस्वरुप पत्रमार्फत् भारत, अमेरिका, बेलायत र रुसलाई पठाउनुभएको हो।"

राष्ट्रपतिले नेपाली जनताको जीवन रक्षाका लागि खोप नै जरुरी भएकाले खोप खरिदमा सहजीकरण गर्न आग्रह गर्दै उक्त राष्ट्रहरूमा पत्राचार गर्नुभएको हो। राष्ट्रपतिले पठाउनुभएको पत्रलगत्तै थाइल्याण्डका राजाले नेपाललाई स्वास्थ्य सामाग्री पठाउनु भएको छ । "अमेरिकाबाट पनि स्वास्थ्य सामग्रीहरू अक्सिजन प्लान्ट, परीक्षण किटहरू आएको छ", सल्लाहकार ढकालले भन्नुभयो, "फ्रान्सबाट प्राप्त सहयोग बुधबार नेपाल आइपुगेको छ, त्यहाँबाट आठ वटा अक्सिजन प्लान्टसहित अरु स्वास्थ्य सामग्री नेपाल आएको छ । उता चीनको पनि सिचुवान प्राप्त तिब्बत सरकारबाट पनि छुट्टाछुट्टै सहयोग प्राप्त भएको छ।" त्यस्तै नेपाललाई बेल्जियम, जर्मनी, बेलायत, जापानलगायतका देशबाट स्वास्थ्य सामग्री सहयोग प्राप्त भएको छ। राष्ट्रपति विद्यादेवी भण्डारीले यही जेठ १६ गते अमेरिकी समकक्षी राष्ट्रपति जोसेफ आर बाइडेनलाई पत्र लेखी कोरोना भाइरसविरुद्धको खोप नेपाललाई सहयोग गर्न अनुरोध गर्नुभएको थियो। सोलगत्तै नेपालमा स्वास्थ्य सामग्री आइपुगेको छ भने खोपका लागि पहल भइरहेको छ। प्रधानमन्त्री केपी शर्मा आलीले बारम्बार यहाँस्थित विभिन्न राजदूतहरूलाई बेलाएर सहयोगको बारेमा परामर्श गर्नुका साथै र यहाँका वस्तुस्थितिबारे जानकारी गराइरहनुभएको थियो । अन्तर ष्ट्रिय समुदायलाई अन्तर्राष्ट्रिय पत्रिका द गार्जियनमार्फत नेपालको स्थितिबारे जानकारी गराउँदै सहयोगका लाग अपिल गर्नुभएको थियो। सो अपिलपश्चात नेपालमा कोभिड-१९ को वस्तुस्थितिबारे अन्तर्राष्ट्रियस्तरमा चर्चा शुरु भएको छ । त्यहाँका अन्तर्राष्ट्रिय सङ्घसंस्थाका बीचमा पनि नेपालका लागि आवश्यक सहयोगका बारे विचार विमर्श भएको बताइएको छ।

बेलायतको संसद्मा कोभिडले नेपालमा पारेको अवसरबारे कुरा उठेको र त्यहाँका एक मन्त्रीले यस्तो बेलामा नेपाललाई सहयोग गर्ने आश्वासन पनि दिनुभएको थियो । उता अमेरिकाका लागि नेपाली राजदूत डा युवराज खतिवडाले त्यहाँको सरकारी निकाय र अन्य निकायसँग छलफल गरी नेपाललाई आवश्यक परेको खोपका लागि अमेरिकी सरकारसँग पहल गरिरहेको जानकारी दिनुभएको छ।

खोप उपलब्ध गराउन अन्तर्राष्ट्रिय कूटनीतिक नियोगसँग द्विपक्षीय वार्ता गरेर कोभिडको खोप उपलब्ध गराउन र स्वास्थ्य सामग्री पठाउने विषयमा बारम्बार पहल भइरहेको प्रधानमन्त्री कार्यालयले जनाएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालमा कोरोना सङ्कट भएको उल्लेख गर्दै बेलायतलाई सहयोग गरिदिन आग्रह गर्नुभयो। बेलायतबाट निस्कने 'द गार्जियन' पत्रिकाको अनलाइन संस्करणमा लेखमार्फत ओलीले बेलायतलाई पत्र लेख्दै सङ्कटको बेलामा सहयोगको लागि अपिल गर्नुभयो। प्रधानमन्त्री ओलीले अहिले जी-७ मुलुकहरूको अध्यक्षको हैसियतमा बेलायतले अन्तर्राष्ट्रिय समर्थन निर्माणमा महत्वपूर्ण भूमिका खेल्ने स्थितिमा रहेको उल्लेख गर्नुभएको थियो । साथै बेलायतलाई मानव कल्याणकारी राष्ट्रका रूपमा लिँदै लेखिएको सो पत्रमा भनिएको छ, "नेपाल विश्वस्त छ कि बेलायतले आफ्नो प्रभाव प्रयोग गरी विश्वभरका मुलुकहरूलाई खोपहरू उपलब्ध गराउने काममा सुनिश्चित गर्दछ, विशेषगरी अत्यावश्यक रहेका मुलुकहरूलाई उपलब्ध गराउन पहल गर्नेछ।"

"जनताको जीवन पहिलो प्राथमिकता हो", प्रधानमन्त्री ओलीले भन्नुभयो, "निर्वाचन अगाडि नै सम्पूर्ण नागरिकलाई भ्याक्सिन लगाउने तयारी सरकारले गरिरहेको छ।" उहाँले भारतबाट खरिद गरेको खोप समयमा आउन नसकेपछि खोप उत्पादन गर्ने राष्ट्रहरूमा समेत सरकारले विभिन्न तरिकाले पहल गरिरहेको बताउनुभयो।

यसरी खोप तथा अन्य आवश्यक सहयोगका लागि विदेशी राष्ट्रहरूसँग सहयोग मागेको नेपाल सरकारले आर्थिक वर्ष २०७८/७९ को बजेटमा पनि कोभिडविरुद्धको अभियानका लागि आवश्यक बजेट पनि विनियोजन गरेको छ। रु १६ खर्ब ४७ अर्बभन्दा बढी विनियोजनमा कूल विनियोजन रकममध्ये स्वास्थ्य क्षेत्रका लागि रु एक खर्ब २२ अर्ब ७७ करोड बजेट विनियोजन भएको छ।

बजेटमा कोरोना सङ्क्रमण रोकथाम र स्वास्थ्य प्रणाली सुधारलाई प्राथमिकता दिइएको छ । बजेटले कोभिडविरुद्धको भ्याक्सिन खरिदलाई प्रमुख प्राथमिकतामा राखेको छ । सरकारले औषधि खरिदका लागि रु पाँच अर्ब ६० करोड बजेट विनियोजन गरेको छ भने कोभिड खोप खरिदका लागि २६ अर्ब बजेट विनियोजन गरेको छ। त्यस्तै सरकारले १३ वटा अस्पतालमा अक्सिजन प्लान्ट स्थापना तथा एचडीयू जडानका लागि रु १७ करोड ८७ लाख ७० हजार निकासा दिएको छ।

भक्तपुर क्यान्सर अस्पतालका लागि रु दुई करोड, जुम्लास्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानका लागि रु पाँच करोड १२ लाख ७० हजार, चरिकोट अस्पताललाई रु एक करोड ५५ लाख, जिरी अस्पताललाई रु ८० लाख, बाजुरा अस्पताललाई रु ७५ लाख, बझाङ अस्पतालका लागि रु एक करोड ५५ लाख बजेट विनियोजन गरिएको छ । डोटी अस्पतालका निम्ति रु ८० लाख, अछाम अस्पतालका लागि रु ७५ लाख, सोलुखुम्बु अस्पताललाई रु ७५ लाख, खोटाङ अस्पताललाई रु ७५ लाख, ताप्लेजुङ अस्पतालका लागि रु ७५ लाख, सूर्यविनायक अस्पतालका निम्ति रु ७५ लाख र मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरका निम्ति रु एक करोड ५५ लाख प्रदान गरिएको छ।

यसअघि सरकारले २६ वटा केन्द्रीय अस्पताल र नौवटा प्रादेशिक अस्पतालमा भेन्टिलेटर, अक्सिजन प्लान्ट र अक्सिजन ट्याङ्कका लागि रु दुई अर्ब ९५ करोड २० लाख उपलब्ध गराएको थियो। कोभिड-१९ को रोकथाम, उपचार तथा नियन्त्रणका उक्त प्रयास गरिएको हो । राष्ट्रपति र प्रधानमन्त्रीको कूटनीतिक नियोग, टेलिफोन तथा पत्रमार्फत अन्तर्राष्ट्रियस्तरमा कोभिड-१९ नियन्त्रणको पहलस्वरुपः अन्तर्राष्ट्रियस्तरबाट स्वास्थ्य सामग्री उपलब्ध भइरहेको छ भने खोप लगाउन बाँकी नागरिकले पनि समयमै कोभिडविरुद्धको खोप लगाउन पाउने आशा जागेको छ।

# नदीको बहाव बढेपछि पुल निर्माण रोकियो

पोखरापत्र संवाददाता
दमौली, २० जेठ

गत केही दिन निरन्तर वर्षा भएर कालीगण्डकी नदी बढेपछि निर्माण भइरहेको पक्की पुलको काम रोकिएको छ । गण्डकी प्रदेश र लुम्बिनी प्रदेश जोड्ने गरी निर्माण भइरहेको पक्की पुल नदीमा बहाव बढेपछि रोकिएको हो।

तनहुँको घिरिङ गाउँपालिका-१ पुङ्वार र पाल्पाको रामपुर नगरपालिका-१ स्याउलीबजार जोड्ने कालीगण्डकी नदीमाथि पुल निर्माण भइरहेको थियो । तर वर्षापछि आएको बाढीले पुलको पिल्लर, पानी तान्ने मेसिन डुबाएपछि काम प्रभावित भएको पुल निर्माण उपभोक्ता समितिका अध्यक्ष विष्णुभक्त सिग्देलले जानकारी दिनुभयो । "पुल निर्माणका लागि बीच भागको पिल्लर उठाउने काम हुँदै थियो, वर्षापछि नदी बढेर पिल्लर नै डुबायो," उहाँले भन्नुभयो, "नदीले केही मेसिन समेत डुबाएको छ ।" सिग्देलका अनुसार अब पानीको बहाव घटेपछि मात्रै काम शुरु हुनेछ । असार लागेपछि भन् बढी वर्षा हुने भएकाले त्यस अगावै बीच भागको पिल्लर सम्पन्न गर्ने गरी काम अगाडी बढाइएको थियो । निषेधाज्ञाका बीचमा पनि स्वास्थ्य मापदण्ड अपनाएर काम गरिएपनि वर्षाका कारण काम रोकिएको सिग्देलले बताउनुभयो।

सिग्देलका अनुसार तनहुँतर्फको फाउण्डेशनको काम सकिएको छ भने पाल्पातर्फको काम हुन बाँकी छ। दुई सय १० मिटर लामो पुल निर्माणको जिम्मा काठमाडौंस्थित शर्मा जेभी एण्ड युनाइटेड बिल्डर्सले पाएको छ । हालसम्मको पुलको ३० प्रतिशत काम सकिएको छ । पुल निर्माण सम्पन्न गर्नुपर्ने म्याद १५ महिना बाँकी छ । उक्त पुल तनहुँ र पाल्पा जोड्ने एकमात्र पक्की पुल हो।

पुल योजना पश्चिमक्षेत्र सेक्टर नं ४ को प्रत्यक्ष निर्देशन र निरीक्षणमा पुल निर्माण कार्य भइरहेको छ। डबल लेन प्रविधिमा निर्माण हुने पुल रु २७ करोड लागतमा सङ्घीय सरकारको बजेटमार्फत् निर्माण हुन लागेको छ । कालीगण्डकी नदीमा पुल नहुँदा पुङ्वार र स्याउलीका सर्वसाधारण पाल्पाको निस्दी गाउँपालिका हुँदै लामो दूरीबाट यात्रा गर्न बाध्य छन् ।